# आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## नेपाल राष्ट्र बैंक
## बालुवाटार, काठमाडौं

## धन्यबाद ज्ञापन

विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको कारण सदाझैं सहकारी सदस्यहरुको भौतिक उपस्थितिमा साधारण सभा आयोजना गर्न संस्था असमर्थ रहेको र यसै सन्दर्भमा सहकारी विभागबाट मिति २०७७ असोज १ गते जारी गरेको "सहकारी संस्थाहरुको साधारण सभा सञ्चालन सम्बन्धी सुचना" अनुसार संस्थाको वार्षिक साधारण सभा अभौतिक (भर्चुअल) रुपमा सम्पन्न गर्न सक्ने व्यवस्था बमोजिम यस संस्थाको वार्षिक साधारण सभा मिति २०७७ पुस ५, ६ र ७ गतेका दिन संस्थाको कार्यालय रहेको स्थान नेपाल राष्ट्र बैंक, बालुवाटारलाई सदस्यहरुको उपस्थिति केन्द्र निर्धारण गरी सम्पन्न भएको छ। संस्थाको साधारण सभा शुरु हुने पहिलो दिन पुस ५ गते उपस्थिति केन्द्रमा संस्थाका अध्यक्ष श्री दीपक पोखरेल र उपाध्यक्ष श्री सुशिल ज्ञवालीबाट संयुक्त रुपमा दिप प्रज्ज्वलन गरी साधारण सभाको औपचारिक रुपमा उद्घाटन गरिएको थियो । उक्त उद्घाटन कार्यक्रममा मन्तव्य राख्नु हुँदै संस्थाका अध्यक्ष श्री दिपक पोखरेलले विषम परिस्थितिमा आयोजना हुन गइरहेको संस्थाको २९ औं वार्षिक साधारण सभा सदाझैं सदस्यहरुको भौतिक उपस्थितिमा गर्न नसकिएकोमा क्षमा माग्दै आगामी दिनमा सहकारीले भोग्न सक्ने चुनौतिहरुलाई निराकरण गर्दै अगाडी बढ्नु पर्ने धारणा व्यक्त गर्नु भयो। संस्थाका उपाध्यक्ष श्री सुशिल ज्ञवालीले कोभिड १९ को विषम परिस्थितिमा समेत संस्थाले आफ्ना नियमित कार्यहरु सम्पादन गर्न सकेको र सदस्यहरुलाई उल्लेखनीय लाभांश बाँड्न सफल भएकोमा सम्पुर्ण सहकारी सदस्यलाई बधाई एवं कर्मठ कर्मचारीलाई धन्यबाद व्यक्त गर्नु भयो।

२९ औं वार्षिकसाधारण सभामा कुल सदस्य संख्या १०१५ जना मध्ये ७८१ सदस्यहरुको (कुल सदस्य संख्याको ७६.९५ प्रतिशत) उपस्थित रहेको थियो। सभाको समापनमा सञ्चालक समितिको अध्यक्ष श्री दीपक पोखरेलले साधारण सभामा उपस्थित भई रचनात्मक टिप्पणी, संस्थागत सुधारका लागि राय सल्लाह तथा अमूल्य सुझाव दिई प्रतिवेदनहरू पारित गर्नुभएकोमा सम्पूर्ण सेयर सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो। त्यसै गरी साधारण सभा संचालन गर्न नेपाल राष्ट्र बैंक, केन्द्रिय कार्यालयको प्राङ्गण तथा अन्य भौतिक श्रोत साधन उपलब्ध गराउने नेपाल राष्ट्र व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नु भयो। त्यसै गरी साधारण सभामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सबै महानुभावहरु तथा कर्मचारीहरुलाई पनि धन्यवाद ज्ञापन गर्दै २९औं साधारण सभाको विसर्जन गर्नु भयो।